

# स्वागतम्!

शेलबर्न फार्म्स एउटा गैर-नाफामुखी शैक्षिक संस्था हो जो हाम्रा कार्यक्रम, स्थान र उत्पादनहरू मार्फत चीर-स्थाई भविष्यलाई प्रेरित र विकास गर्न कार्यरत छ। हामी तपाईं जस्ता शिक्षकहरू, विद्यार्थीहरू र पाहुनाहरूलाई अझ फस्टाउँदो संसार बनाउनमा टेवा पुर्याउन जानकारीमूलक अनुभवहरू उपलब्ध गराउँदछौं। १,४०० एकरमा संचालित फार्म, हाम्रो ऐतिहासिक क्याम्पसमा तपाईंलाई स्वागत छ। २०औं शताब्दीको प्रारम्भमा, लीला भान्डरबिल्ट र विलियम सेवार्ड वेबको यो कृषि सम्पति थियो। १९७२ मा, परिवारका सन्तानहरूले विश्वव्यापी वातावरणीय समस्याहरुमा काम गर्न र सम्बोधन गर्नमा मद्दत गर्न यहाँ एउटा गैर-नाफामुखी शिक्षण संस्था स्थापना गरे। दिगोपन (सस्टेनबिलिटि) का कथाहरूलाई जीवन्त बनाउन यो ठाउँ एउटा क्रियाशील शिक्षण स्थल बन्यो। फार्म अबेनाकीको विनोस्किक ब्यान्डको सर्वदा आफ्नो स्वामित्वमा रहेको, परम्परागत र आधुनिक मातृभूमिमा यो राष्ट्रिय ऐतिहासिक स्थान अवस्थित छ।* यो ठाउँले कालान्तरमा अनेक कथाहरूलाई जन्म दिएको छ — र तिनीहरुबाट आकार पाएको छ। दिगोपन, विकास, अनुकूलन, र अन्य थुप्रैका कथाहरू। केही यस्ता कथाहरु यस गाइडमा शेयर गरिएका छन्, तर तपाईंले हाम्रो वेबसाइटमा अन्य थुप्रै कथाहरू पाउन सक्नुहुन्छ। तपाईंले यहाँ के-कस्ता कथाहरू पाउनु हुनेछ र कस्ता अनुभवहरु आफू संगै लैजानुहुनेछ? र तपाईंका गाउँ-घरका कथाहरू के-कस्ता छन्?

*यसको के महत्व छ? अबेनाकीले आफ्नो जग्गा-जमीन कहिल्यै पनि अन्यलाई कानुनी रूपमा हस्तान्तरण गरेनन्; उनीहरू र उनीहरूका पुर्खाहरूले पूर्वकाल देखि नै यस भूमिलाई आत्मियताका साथ हेरचाह गरेका छन् र अबेनाकीको विनोस्किक ब्यान्डले आज पनि यस क्षेत्रलाई आफ्नो मातृभूमि मान्दछ।

# शेलबर्न फार्म्स ट्रेल नक्सा




निजी घरहरू: कृपया फार्मका बासिन्दाहरू र छिमेकीहरूको गोपनीयताको सम्मान गर्नुहोस् । ट्रेलहरूमा रहनुहोस् र सबै "निजी" संकेतहरूको पालना गर्नुहोस् । धन्यवाद ।

सावधानी: बाटोहरू चिन्ह नभएका, असमान वा चिप्लो हुन सक्छन् । मौसमको ध्यान राख्नुहोस्, बारले घेरिएका क्षेत्रहरूमा प्रवेश नगर्नुहोस् वा बिजुली लगाउने बारहरू नछुनुहोस् र पानी ल्याउनुहोस् । सम्भव भएसम्म बाटोमा रहनुहोस् । सूर्यास्तमा ट्रेलहरू बन्द हुन्छन् ।

टिक स्मार्ट हुनुहोस्: healthvermont.gov

सुरक्षा गर्नुहोस्, जाँच गर्नुहोस्, हटाउनुहोस्, हेर्नुहोस्

ताल वेलकम सेन्टरबाट 3½ माइलको राउन्ड ट्रिप पैदल दूरीमा छ। कुनै शटल छैन।

# विशेषताहरु



**१. फार्म स्टोर र स्वागत केन्द्र** तपाईंको भ्रमण यहाँबाट सुरु हुन्छ। स्टोरले हाम्रो क्रियाशील फार्मको प्रशस्तता (उपहार) लाई दर्शाउँछ: चेडर चीज, मासु, र हाम्रो खर्क/गौचरन (पेस्चर) बाट उत्पादित ऊन, हाम्रो शुगर बुशका मेपल सिरप, र हाम्रो मार्केट गार्डेनका उत्पादनहरु। तपाईंले अन्य भर्मोन्ट फार्मका उत्पादनहरू पनि पाउनुहुनेछ। दैनिक बिहान ९:३० देखि साँझ ५:३० बजेसम्म यो खुला रहन्छ। दैनिक गतिविधिहरूको लागि आउन नभूल्नुहोस्।



**२. फार्म गोठ (बार्न)** आँगन सहित २ एकरमा फैलिएको ५ तल्ले अग्लो फार्म बार्न, गैर-नाफामुखी संस्थाको लागि एउटा शैक्षिक र प्रशासनिक केन्द्र हो। यो १८८६-१८९० मा एस्टेटको फार्म सञ्चालनको लागि मुख्यालयको रूपमा निर्माण गरिएको थियो, र यसमा कार्यालयहरू थिए; सिकर्मी कार्यशाला, चित्रकला र फलाम (ब्ल्याक्स्मिथ) को लागि कार्यशालाहरु; औजार, बाली र कृषि उपकरणहरूको लागि भण्डारण स्थल; र खच्चरहरूको लागि खोरहरु समावेश थिए। यसलाई १९९१ मा पुनर्स्थापित गरिएको थियो, जसमा चार-मुखी घडी टावर समावेश छ जुन आज पनि कायम राखिएको छ, आधा घण्टा र एक घण्टामा बजि रहन्छ। गोठको नक्सा र तपाईंले यहाँ के-के गर्न सक्नुहुन्छ भन्ने बारे विवरणहरूको लागि पल्टाउनु होस्।



**३. लोन ट्री हिल** फार्मको सबैभन्दा अग्लो स्थानको रूपमा, लोन ट्री हिलले भू-सम्पदा (एस्टेट) को पश्चिमतिर र लेक च्याम्पलेनदेखि न्यूयोर्क राज्यको एडिरोन्ड्याक्स (वावोबाडेनिक, अबेनाकीका "सेता पहाडहरू") सम्मको उत्कृष्ट दृश्यहरू प्रदान गर्दछ। यो डेरिक वी. वेबको स्मारकको स्थल हो, जसले १९८४ मा यो जग्गा र भवनहरू गैर-नाफामुखी संस्थालाई दान दिएका थिए। लोन ट्री हिल कुनै समयमा कम्स्टक फार्मको भाग थियो, जुन १८८० को दशकमा वेब्सले आफ्नो कृषि भू-सम्पदा, ३,८०० एकरको उद्यम खडा गर्नका लागि खरिद गरेका ३२ साना फार्महरू मध्ये एक थियो।



**४. च्याम्पलेन ताल** १२० माइल लामो र १२ माइल चौडा छ। अबेनाकी किंवदन्ती अनुसार विशाल ओजिहोजोले आफ्नो ठूला हातहरुले ताल खने, यस प्रक्रियामा एडिरोन्ड्याक्स र ग्रीन माउन्टेन खडा भए। पछि उनले आफूलाई रक डन्डरमा रूपान्तरण गरे, जुन शेलबर्न पोइन्टको उत्तरमा अवस्थित एउटा चट्टान हो। जलाशय (बेसिन) का १२ प्रमुख नदीहरू र धेरै सहायक नदीहरूले तालको ९०% भन्दा बढीको पानी आपूर्ति गर्छन्, जुन २,००,००० मानिसहरूको खानेपानीको श्रोत हो। तपाईंको खानेपानी कहाँबाट आउँछ? Lake champlain

# पैदल हिंड्दै गर्दा अन्य बुँदाहरू



**खैरो स्विस गाई र दुग्धजन्य (डेरी) पदार्थ**
दिनको दुई पटक, हामी लगभग ११० शुद्ध नस्लका खैरो (ब्राउन) स्विस गाईहरूको दूध दुन्छौं। यसको बटरफ्याट र प्रोटिन सहित, यो दूधबाट उत्कृष्ट चेडर बन्छ, जुन हामी यहाँ उत्पादन गर्छौं। दूधका लागि, प्रत्येक वर्ष बाच्छो जन्माउनको लागि गाईको प्रजनन गराइन्छ। हाम्रा दूध दिने गाईहरूलाई दूध दुने पार्लर नजिकै उच्चतम गुणस्तरको चरन उपलब्ध गराइन्छ। हाइफर (अपरिपक्व गाई) र बाँझो गाईहरू (दूध नदिने) छुट्टाछुट्टै चर्छन्। हामी मासु (बीफ) को लागि मिश्रित नस्लका गाईहरू पनि पाल्छौं। कार्यक्रम अन्तर्गत डेरीमा मात्र तपाईं घुम्न सक्नु हुन्छ। Brown Swiss



**भेडा**
हामी मासु र ऊनको लागि भेडा पाल्छौं, र तपाईंले बथानलाई प्रायः चरिरहेको देख्नु हुनेछ। हामी कहाँ विभिन्न जातका भेडाहरू छन्: डोर्सेट, बोर्डर लिसेस्टर र नाभाजो चुर्रो। के तपाईं चुर्रोको लामो गाँठो परेको ऊन देख्न सक्नु हुन्छ? sheep



**शुगरबुश**
हामी ४०० एकर जंगलको दिगो (चीर-स्थाई) व्यवस्थापन गर्छौं, जसमा लगभग २,३०० ट्याप भएको शुगरबुश पनि छ। जाडो महिनाको अन्त्यतिर, हामी शुगर म्यापलको बोटलाई ट्याप गर्छौं र तिनीहरूको मीठो रस सङ्कलन गर्छौं, जुन नीलो ट्युबिङ हुँदै केन्द्रीय संकलन लाइनहरू र चिनीघर (शुघर हाउस) मा जान्छ। त्यहाँ, रसलाई स्वादिष्ट मेपल सिरपमा उमालिन्छ। ४० ग्यालन रस = १ ग्यालन सिरप। sugarbush



**औपचारिक फूलको बगैंचा** लेक च्याम्प्लेन र विश्राम-घर (इन) को बीचमा अवस्थित, यी बगैंचाहरू यसका सर्जक, लीला वेबको जीवनभरको उत्साह थियो, जसले १८९८ देखि उनको मृत्यु नहुन्जेल १९३६ सम्म यसलाई पुन: निर्माण र विस्तार गरे। आज, ठूलो पुनरुद्धार पछि, तालको वृहत दृश्यहरू सहित, आनन्द लिनको लागि यो अमेरिकी बगैंचाको एउटा असाधारण उदाहरण हो। नोट: बगैंचाहरू स्वागत केन्द्रबाट ४-माइलको राउन्ड ट्रिप पैदल दूरीमा छन्, र शटलको कुनै व्यवस्था छैन। FORMAL GARDENS

**कोच गोठ (बार्न)**
होम अफ शेलबर्न फार्म्स इन्स्टिच्युट फर सस्टेनेबल स्कूल्स, यो बार्नले कार्यशाला र सामुदायिक कार्यक्रमहरू आयोजना गर्दछ जहाँ कुनै समयमा बग्गी (केरेजेज), स्ले र घोडाहरू राखिन्थ्यो। शिक्षकहरूले आफ्ना विद्यार्थीहरूलाई चीर-स्थायित्व (सस्टेनेबिलिटी) का लागि स्थानीय गतिविधिहरुमा कसरी संलग्न गराउने भनेर सिकाउँदा प्रत्येक गर्मीको मौसममा यो जीवन्त हुन्छ। Coach barn

**मार्केट गार्डेन**
भू-सम्पदा (एस्टेट) को मूल बगैंचा र हरितगृहहरूको क्षेत्रमा, हाम्रो जैविक बगैंचाले विश्राम-घर (इन), फार्म स्टोर र स्थानीय समुदायको लागि तरकारी, फूल र फलफूल उब्जाउँछ। हाम्रा खेतीका पद्धतिहरूले — चक्रिय बाली, कभर बाली रोप्ने, र कम्पोस्टिङ मार्फत पोषक तत्वहरू रिसाइकल गर्ने — माटोको स्वास्थ्य र उर्वरता कायम राख्छन्। market garden



**ल्याण्डस्केप र भवन**
ल्याण्डस्केप आर्किटेक्ट फ्रेडरिक ल ओल्मस्टेड, सिनियरले १८८७ मा एस्टेटको लागि प्रारम्भिक योजनाहरू बनाए, यसलाई तीन ठाउँहरूमा विभाजन गरे: फार्म, वन र पार्क। उनको छाप लामा घुमाउरा सडकहरूमा पनि विद्यमान छ जसले ताल, घाँसे मैदानहरू र आर्किटेक्ट रोबर्ट एच. रोबर्टसनद्वारा डिजाइन गरिएका भव्य भवनहरूको दृश्यहरू माझ लुकामारी खेल्दछ। फार्म बार्नको छानामा "आँखीभौं (आयब्रो)" झ्यालहरू खोज्नुहोस्, जुन उनले प्रायः प्रयोग गर्ने वास्तुकलाको तत्व हो। landscape & b



**विन्डमिल हिल**
यो क्षेत्र फार्मको गतिविधि हुने भूभागको केन्द्रमा छ, र यो पश्चिमका शानदार दृश्यहरू देखिने अर्को ठाउँ हो। Windmill

**चरन (पेस्चर) र खेतहरू**
हामी व्यवस्थित चरनको पद्धति अपनाउँछौं: हाम्रा गाईहरू छोटो समयको लागि तर तीव्र रूपमा सानो चरनमा चर्छन्, त्यसपछि तिनीहरुलाई नयाँ क्षेत्रमा सारिन्छ, जसले गर्दा पुरानो चरनलाई फेरि उम्रन समय मिल्छ। यसले गर्दा बाक्लो जरा र बलियो, पौष्टिक बिरुवाहरू पलाउँछ, पानीको बहाव नियन्त्रण गर्छ, माटोको जैविक विविधतालाई टेवा पुर्याउँछ, र कार्बन भण्डारण गर्दछ। हामी ट्र्याक्टर द्वारा पराल र गाई-वस्तुका लागि चारा काट्छौं। बोबोलिङ्क्स र सवाना भँगेराहरूलाई भरण-पोषण गर्ने खेतहरूमा, हामी समय मिलाएर घाँस काट्छौं ताकि चराहरूलाई गुँड बनाउन र तिनीहरूका बच्चाहरूलाई उड्ने योग्य बन्ने समय मिल्न सकोस्। घाँसे बगैंचा (लन)हरू हामी हाम्रा लनहरूलाई बढ्न दिन्छौं र जीवावशेष (फसिल) इन्धनबाट कार्बन उत्सर्जन कम गर्न, ध्वनि र वायु प्रदूषण कम गर्न, र मौरी र अन्य परागकणकारी (पलिनेटर) हरूलाई टेवा दिन विद्युतीय घाँस काट्ने उपकरणहरु प्रयोग गर्छौं!

**शिक्षा वर्षै भरि!**
हाम्रो क्याम्पस र यसको अतिरिक्त सबै उमेरका विद्यार्थीहरू दिगोपन/चीर-स्थायित्व (सस्टेनेबिलिटी) का अवधारणाहरुमा संलग्न हुन्छन्। यस भूमिका सिकाइहरु यहाँबाट सुरु हुन्छ, तर ती यहीं समाप्त हुँदैनन्। भ्रमण गर्दै गर्दा तपाईंले देख्नु हुने शिक्षार्थीहरूको समूहलाई हात हल्लाएर अभिनन्दन गर्नुहोस्। विशेष गरी, हामी कहाँ रहेका शिक्षकहरूलाई:

Shelburne Farms
**Institute for Sustainable Schools**

द इन्स्टिट्युट अफ सस्टेनेबल स्कूल्सले शिक्षकहरूका लागि व्यावसायिक सिकाइ उपलब्ध गराउँदछ, र यो शिक्षक र विद्यालयहरूका लागि ५० वर्षको सेवाको पराकाष्ठा हो। परिवर्तनकारीहरूको उदयमान पुस्तालाई प्रेरित गर्न शिक्षक र विद्यार्थीहरूका लागि यसले परिवर्तनकारी कार्यक्रम र स्रोत-साधनहरू उपलब्ध गराउँदछ। .

shelburnefarms.org/educators




# फार्म गोठ (बार्न) भित्र र वरपर

१. **बालबालिकाको खेतको हाता (फार्मयार्ड)** गोठ र वरपरका चरन (पेस्चर) हरूमा रहेका फार्म जनावरहरू — भेडा, बाख्रा, गाई, खरायो, र अन्य — मा घुम्नु होस् र दिनभरिको निर्धारित गतिविधिहरूको आनन्द उठाउनु होस्।
२. **बीकेन पार्सन्स** यी कुशल शिल्पकारहरूले यहाँका र अन्यत्रबाट काटिएको काठ प्रयोग गरेर राम्रो फर्निचर बनाउँछन्।
३. **फार्म कार्टले** फार्ममा उत्पादित खाद्य सेवा गर्छ। समय-तालिका भिन्न-भिन्न छ। "नवीनतम जानकारीको लागि" दायाँपट्टि बक्समा कोड स्क्यान गर्नुहोस्।
४. **चीज उत्पादन** हाम्रा ब्राउन स्विस गाईको दूधबाट चीज बनाउनेहरूले कसरी चेडर बनाउँछन् हेर्नुहोस् र सिक्नुहोस्, र "चीज बनाउनेसंग भेट्नुहोस्।" समय-तालिका भिन्न-भिन्न हुन्छ।
५. **म्याकक्लुर शिक्षा केन्द्र** हाम्रा अधिकांश कार्यक्रमहरू यहाँबाट सुरु हुन्छन्।
६. **ओ ब्रेड बेकरी** (पोर्च/बार्दली मुनि) दिवसीय पाहुनाहरूलाई बिक्रीको लागि जैविक ब्रेड र कुकिज युक्त उत्पादन कारखाना हो।

स्वागत केन्द्रबाट फार्म बार्नसम्म ट्र्याक्टर शटल सवारी सिजनअनुसार बिहान 10 बजेदेखि दिउँसो 4 बजेसम्म आधा घण्टाको अन्तरालमा चल्छ।



### भेडा डाँडा

फार्म बार्नबाट पूर्वतिर भर्मोन्टको ग्रीन माउंटेन (मोहकमा स्कानोन्टकारक्सेनके, "जहाँ चट्टानहरू भद्दा छन्") र भर्मोन्टको सबैभन्दा अग्लो चुचुरो, ४,३९३ फिट उंचाईको माउन्ट म्यान्सफिल्ड हेर्नुहोस्। यसको लामो अनुहारको "चिउँडो " र "नाक" हेर्नुहोस्? अझ दक्षिणमा, ऊँठ (क्यामल) को हम्प, वा डोवाबोडिवाजो, अबेनाकीमा "स्याडल माउन्टेन", भर्मोन्टमा सायद सबैभन्दा परिचित चुचुरो हो। sheep's knoll

### सौर्य (सोलार) प्यानल

के तपाईं फार्म बार्नको छानामा ९६ वटा सौर्य प्यानलहरु देख्न सक्नुहुन्छ? यिनीले ग्रीन माउन्टेन पावर ग्रिडको लागि बिजुली उत्पादन गर्छन्। अनसाइट सौर्य र अफसाइट प्रदायकहरूले नवीकरणीय ऊर्जा द्वारा हाम्रो अधिकांश बिजुलीको आवश्यकताहरू पूरा गरिरहेका छन्। २०२८ सम्ममा कार्बन नकारात्मक हुने हाम्रो लक्ष्यको यो एउटा रणनीति हो—हाम्रा घरहरु र क्रियाकलापहरु मार्फत उत्सर्जन हुने भन्दा हाम्रा रूखहरू र माटोमा बढी कार्बन सोस्ने।



## शेलबर्न फार्म्स विश्राम-घर (इन)

यस ऐतिहासिक २४ शयनकक्ष युक्त गेस्ट हाउसमा रातभर बस्न वा खानाको आनन्द लिनुहोस्। १८८७ देखि १९०० को समयमा लीला र सेवार्ड वेबको घरको रूपमा निर्मित र १९८७ मा विश्राम-गृहको रुपमा परिणत गरिएको यस घरले मानिसहरूलाई आरामका साथ बास बस्न स्वागत गर्दछ र यस स्थान र यसको उद्देश्य प्रति प्रेरित गर्दछ।

shelburnefarms.org/inn

**नवीनतम जानकारीका लागि**
हाम्रा सेवाहरूको सबैभन्दा अद्यावधिक/नवीनतम समय-तालिका, मिति र विवरणहरूको लागि, कोड स्क्यान गर्नुहोस् वा हाम्रो वेबसाइटमा जानुहोस्।

shelburnefarms.org/visit

**भ्रमण (टूर) मा नयाँ चीज सिक्नुहोस्!** • शेलबर्न फार्म्स टूर • सन टू चीज टूर • घर र बगैंचा टूर कोड स्क्यान गर्नुहोस् वा निम्नमा जानुहोस्:

shelburnefarms.org/calendar

## शेलबर्न फार्म्सलाई मद्दत गर्नुहोस्

यस अद्भुत ठाउँको हेरचाह गर्न र सबैसँग शेयर गर्न ठूलो वित्तीय स्रोत-साधन आवश्यक पर्दछ। एउटा गैर-नाफामुखी शिक्षा संस्थाको रूपमा, हामी तपाईं माथि निर्भर छौं! आजै मद्दत गर्नुहोस्! सबै उपहारहरू स्वीकार गरिन्छ। धन्यवाद!

फोटो: डारिया बिशप, होली ब्रो, एन्ड्रिया एस्टे, ब्रेन्ट ह्यारेविन, जेरेड भिन्सेन्ट, मार्शल वेब, सारा वेब